बठकको मिति : २०७५।१२।०४

बैठकको नाम : गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४३

**तपसिल :**

अध्यक्ष श्री दान बहादुर थापा, भगवतीमाई गाउँपालिका, दैलेख

उपाध्यक्ष श्री चन्द्रा रेग्मी, भगवतीमाई गाउँपालिका, दैलेख

सदस्य श्री मान बहादुर बुढा, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. १, दैलेख

सदस्य श्री कर्ण बहादुर शाही, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. २, दैलेख

सदस्य श्री दान बहादुर खड्का, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ३, दैलेख

सदस्य श्री कृष्ण बहादुर थापा, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ४, दैलेख

सदस्य श्री कृष्ण बहादुर शाही, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ५, दैलेख

सदस्य श्री बीरशंकर रोकाया, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ६, दैलेख

सदस्य श्री रत्न बहादुर शाही, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा न ७, दैलेख

सदस्य श्री सेतु खड्का, भगवतीमाई गा.पा.वडा नं. ३, दैलेख

सदस्य श्री पबित्रा नेपाली, भगवतीमाई गा.पा.वडा नं. २, दैलेख

सदस्य श्री कल्पना मगर, भगवतीमाई गा.पा.वडा नं. ५, दैलेख

सदस्य श्री मान बहादुर दमाई, भगवतीमाई गा.पा.वडा नं.६, दैलेख

सदस्य श्री डम्बर ब.कामी, भगवतीमाई गा.पा.वडा नं. ७, दैलेख

सदस्य सचिव श्री राजेन्द्र पौडेल, प्रमुख प्रशासकीय अधिकृत, भगवतीमाई दैलेख ।

आमन्त्रित

श्री नन्दबहादुर खड्का, सदस्य, जिल्ला समन्वय समिति, दैलेख ।

Scanned by CamScanner

**प्रस्तावनाहरु :**

**प्रस्ताव नं. १** : विस्तृत परियोजना प्रतिवेदन (DPR) सम्वन्धमा ।
**प्रस्ताव नं. २** : १५ शैयाको अस्पताल निर्माण सम्वन्धमा ।
**प्रस्ताव नं. ३** : हलुका सवारी चालक ।
**प्रस्ताव नं. ४** : साना सिंचाई परियोजनाका योजनाहरुको म्याद थप सम्वन्धमा ।
**प्रस्ताव नं. ५** : साना सिंचाई परियोजनाको वजेट रकमान्तर सम्वन्धमा ।
**प्रस्ताव नं. ६** : यस आ.व.का योजनाहरुको थप कार्य गर्न कोटेसन माग सम्वन्धमा ।
**प्रस्ताव नं. ७** : सहायक कम्प्युटर अपरेटर सम्वन्धमा ।
**प्रस्ताव नं. ८** : ब्याकलोडरको दररेट सम्वन्धमा ।
**प्रस्ताव नं. ९** : १५ शैयाको अस्पताल निर्माण गर्न आवश्यक जग्गा सम्वन्धमा ।
**प्रस्ताव नं. १०** : वडा नं. ३ को रष्टिक सेन्टर सम्वन्धमा ।
प्रस्ताव नं. ११ : समपुरक कोष रकम विनियोजन सम्वन्धमा ।

## निर्णय नं. १ :

यस भगवतीमाई गाउँपालिकाभित्र विकास निर्माणका योजनाहरुलाई प्रभावकारी बनाउन तपसिलका योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नको लागि कोटेसन विधिद्धारा माग गरी खरिद कार्य गर्न यस कार्यालयको खरिद इकाइलाई निर्देशन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | योजनाको नाम | डि.पि.आर. गर्न आवश्यक रकम | कैफियत |
|---|---|---|---|
| १. | भगवतीमाई वडा नं. १ देखी ७ सम्म रिङ्गरोड | ४९५०००। | |
| २. | जुम्ला काफल मलुका कचाली सडक निर्माण | ४५००००। | |
| ३. | तिदुघाट चिपिन मोटरवाटो निर्माण | | |
| ४. | वावियातडा हे.पो. हुँदै वडा कार्यालय विन्ध्यावासिनी सडक निर्माण | ४६००००। | |
| ५. | तिदुघाट चिपिनतडा तप्लुङ्ग खालीडाँडा सडक निर्माण | | |
| ६. | प्याराफिट सहितको खेलमैदान निर्माण | ४०००००। | |
| ७. | १५ शैयाको अस्पताल निर्माण | | |
| ८. | मयाराम स्मृति पार्क निर्माण | ३९५०००। | |
| ९. | जगनाथ हिल्स पर्यटकीय क्षेत्र भगवतीमाई ४ | | |
| १०. | मालिका पर्यटकीय क्षेत्र भगवतीमाई १ र २ | | |
| ११. | तिदुघाट पक्की पुल निर्माण | आगामी आ.व. मा तयार गरिने | |
| १२. | सान्तडा वालतडा पक्की पुल निर्माण | आगामी आ.व. मा तयार गरिने | |
| १३. | शिखरद्धारी पर्यटकीय क्षेत्र | आगामी आ.व. मा तयार गरिने | |
| १४. | वासुधारा पक्की पुल निर्माण | आगामी आ.व. मा तयार गरिने | |
| १५. | भगवतीमाई मन्दिर निर्माण | आगामी आ.व. मा तयार गरिने | |
| १६. | सान्तडा ध्याप घुम्ने हुँदा वडा कार्यालय मोटरवाटो निर्माण | आगामी आ.व. मा तयार गरिने | |

Scanned by CamScanner

**निर्णय नं २ :**

यस भगवतीमाई गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल निर्माणको लागि यस गाउँपालिकाको वडा नं. ३ स्थित खालडा स्थान छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस कार्यापालिकाको मिति २०७५।१०।०६ गतेको निर्णय अनुसार कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको पदपूर्ति समितिले २०७५।११।०८ गते करार सेवामा हलुका सवारी चालक भर्नाको लागि विज्ञापन गरेकोमा पर्याप्त मात्रामा आवेदन पेश नभएको हुँदा शैक्षिक योग्यतालाई मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा आठ (८) उर्तिण कायम गरी थप ७ दिनको लागि आवेदन दिन सक्ने व्यवस्थाको लागि पदपूर्ति समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

स्वीजरल्याण्ड सरकारको लगानीमा साना सिंचाई परियोजनाद्धारा यस भगवतीमाई गाउँपालिकामा संचालनमा रहेका सम्पूर्ण योजनाहरुको म्याद समाप्त भएको हुँदा साना सिंचाई परियोजना जिल्ला कार्यालयबाट म्याद थपको लागि पत्राचार भएको हुँदा सम्पूर्ण साना सिंचाई परियोजनाद्धारा संचालित यस गाउँपालिकाभित्रका योजनाहरु म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

स्वीजरल्याण्ड सरकारको तर्फबाट उपलब्ध हुने गत आर्थिक वर्षमा जिल्ला प्राविधिक कार्यालयको खातामा जम्मा भएको रकम रु. ७५२०६१२। कोष तथा लेखा नियन्त्रकको कार्यालयले गाउँपालिकाको नाममा संचित कोषमा रकम जम्मा गर्ने नमिल्ने र अन्य खातामा रकम जम्मा गरी खर्च लेख्ने भनि आएकोमा गाउँपालिकाको मर्मत सम्भार कोषमा जम्मा गरी साना सिंचाई परियोजनालाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस भगवतीमाई गाउँपालिकाको तेस्रो गाउँसभाबाट पारित विभिन्न योजनाहरुमध्ये ठेक्का प्रणालीबाट संचालन भएका योजनाहरुको शिलवन्दी वोलपत्र तथा शिलवन्दी दरभाउपत्र आह्वान गर्दा वाँकी रहेको रकमबाट सम्वन्धित योजनाको थप कार्य गर्नको लागि कोटेसन माग गर्न खरिद ईकाईलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

नेपाल सरकारद्धारा स्वीकृत यस भगवतीमाईको नयाँ सांगठानिक संरचना वमोजिम दरवन्दी तेरिजमा वडा कार्यालयमा सहायक कम्प्युटर अपरेटरको दरवन्दी कायम नभएको हुँदा यस गाउँ कार्यपालिकाको मिति २०७५।०६।१९ गते निर्णयानुसार वडा कार्यालयको लागि नियुक्त भएका ४ जना सहायक कम्प्युटर अपरेटरलाई मिति २०७५।१२।०५ गते देखी लागु हुने गरी करार सम्झौता रद्ध गरी सेवाबाट हटाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

Scanned by CamScanner

## निर्णय नं. ८ :

यस गाउँ कार्यपालिकाको कार्यालयमा रहेको ब्याक लोडर मार्फत अन्य कुनै व्यक्ति वा संस्थाको निर्माण तथा मर्मत कार्य गर्दा तपसिलको दररेटमा गर्ने निर्णय गरियो ।

**तपसिल :**

१. तेल बाहेकको प्रतिघण्टा रु. १५००।

२. तेलसहित प्रतिघण्टा रु. २५००।

## निर्णय नं. ९ :

यस भगवतीमाई गाउँपालिका वडा नं. ३ सान्तडामा निर्माण गरिने १५ शैयाको अस्पताल निर्माणको लागि उक्त स्थानमा रहेको तपसिलको जग्गा धनीहरुको नाममा रहेको जग्गा यस भगवतीमाई गाउँपालिका स्तरीय १५ शैयाको अस्पतालको नाममा दान स्वरुप पास गर्न जग्गा धनीहरु मञ्जुर रहेको हुँदा उक्त जग्गा भगवतीमाई गाउँपालिका स्तरीय १५ शैयाको अस्पतालको नाममा पास गर्न सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.सं. | जग्गा धनीको नाम | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १. | चन्द्रकला ढकाल | १९२ | ८९० | पुरै |
| २. | धर्मराज रेग्मी | १९८ | ११६० | पुरै |
| ३. | टंकप्रसाद रेग्मी | १९३ | ९५० | पुरै |
| ४. | जैकुमारी रेग्मी | ४१२ | ६१० | पुरै |
| ५. | जैकुमारी रेग्मी | ४१५ | ३१० | पुरै |
| ६. | हरि बहादुर खत्री | ४१४ | ६०० | पुरै |
| ७. | हरिप्रसाद शर्मा | ३०२ | ३०० | पुरै |
| ८. | प्रेमप्रसाद रेग्मी | ३६२ | ३१० | पुरै |
| ९. | जनकराज रेग्मी | १९१ | १२६२ | |
| १०. | भिमबहादुर के.सी. | ४१३ | ६०० | पुरै |
| ११. | पद्माखर जैसी | ३४२ | ४०० | पुरै |
| १२. | लक्ष्मीप्रसाद रेग्मी | ३६३ | ३०० | पुरै |
| १३. | टंकप्रसाद रेग्मी | २०८ | ५० | पुरै |
| १४. | रामप्रसाद रेग्मी | १९५ | ४१० | पुरै |
| १५. | कृष्णबहादुर वि.सी. | २०७ | ५०८ | |
| १६. | टीकाराम रेग्मी | ३७५ | ४०० | |
| १७. | रामचन्द्र जैसी | १९६ | १०५ | पुरै |
| १८. | धर्मराज रेग्मी | १९४ | ६०० | पुरै |
| | | | | |

Scanned by CamScanner

## निर्णय नं. १० :

यस भगवतीमाई गाउँपालिका वडा नं. ३ मा रहेको रष्टिक सेन्टर रहेको जग्गा भगवतीमाई गाउँपालिका वडा नं. निवासी जयबहादुर खड्काको नाममा रहेको र निजले उक्त जग्गाको कित्ता नं. ३७६ को २२५ वर्गमिटर क्षेत्रफल बराबरको जग्गा यस भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयको नाममा मंजुर रहेको हुँदा उक्त जग्गा पासको लागि सिफारिस गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११ :

यस भगवतीमाई गाउँपालिकाको तेस्रो गाउँसभाबाट विनियोजन गरिएको समपुरक कोषलाई तपसिलका शिर्षकमा छुट्याउने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | हेल्भटाससँग साझेदारी | | |
| २. | ग्रामीण जलस्रोत परियोजनासँग साझेदारी | | |
| ३. | १५ शैयाको अस्पताल निर्माणको लागि साझेदारी | | |
| ४. | | | |
| ५. | | | |

Scanned by CamScanner